विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०६/१२ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td>१</td><td>तोडफोड तथा आगजनीबाट कार्यालयमा पुगेको क्षति सम्बन्धमा।</td><td>गत २०८२ साल भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएको तोडफोड तथा आगजनीबाट नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा पुगेको क्षतिको सम्बन्धमा छलफल गरियो।</td></tr>
<tr><td>२</td><td>चालु आ.व.मा दायित्व सारिएका भुक्तानी दिन बाँकि रहेका योजना तथा कार्यक्रमहरूको भुक्तानी सम्बन्धमा।</td><td>गत आ.व. २०८१/०८२ मा कार्यान्वयन भई भुक्तानी हुन नसकेका स्वीकृत योजना तथा कार्यक्रमहरूको चालु आ.व. २०८२/०८३ मा दायित्व सारिएकोमा गत भदौ २३ र २४ गते आन्दोलनको क्रममा कार्यालयमा तोडफोड तथा आगजनी भई योजना तथा पूर्वाधार विकास महाशाखा अन्तर्गत रहेका सम्पूर्ण कागजात तथा फाइलहरू जलेर पूर्ण रुपमा नष्ट भएकोले उल्लिखित अनुसारका यस आ.व.मा दायित्व सारिएका भुक्तानी दिन बाँकि रहेका योजना तथा कार्यक्रमहरूसँग सम्बन्धित उपभोक्ता समिति/संघ/संस्था वा निर्माण व्यवसायीले तपसिल बमोजिमका कागजात उपलब्ध गराएपश्चात भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।<br><u>तपसिल:-</u><br>१. कार्य सम्झौता-पत्र<br>२. स्वीकृत लागत अनुमान/BOQ<br>३. कार्यादेश पत्र<br>४. निर्माण व्यवसायीको हकमा व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, कार्य सम्पादन जमानत (Bank Guarantee)<br>५. उपभोक्ता समितिको हकमा गठन प्रकियादेखि कार्यसम्पन्न हुँदाको बखतसम्म भएका सम्पूर्ण निर्णयहरूका प्रतिलिपि<br>६. म्याद थप भएको भए सोसँग सम्बन्धित कागजात<br>७. सम्झौता गर्दाका बखत कार्यालयले उपलब्ध गराएका अन्य कागजात भए सो समेत।</td></tr>
<tr><td>३</td><td>तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत आयोजना छनोटका लागि सिफारिस गर्ने सम्बन्धमा।</td><td>तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिकाले तोके बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धतासहित आयोजना छनोटका लागि देहायका आयोजनाहरू सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>आयोजना नाम</th><th>ठेगाना</th><th>प्रस्तावित बजेट (माग गरिएको)</th></tr>
<tr><td>१</td><td>कृष्णप्रसाद भट्टराई सामुदायिक भवन निर्माण</td><td>विराटनगर ४</td><td>रु.३ करोड</td></tr>
<tr><td>२</td><td>सुवर्ण शमसेर सामुदायिक भवन निर्माण</td><td>विराटनगर ४</td><td>रु.२ करोड</td></tr>
</table></td></tr>
</table>

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

प्रमाणित

अधिकृत आठौं

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| ४ | विविध। | (क) प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरबाट बढुवाको सिफारिस भएर विराटनगर महानगरपालिकामा नियुक्ति पाई स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृतस्तर सातौं तह, अधिकृत पदमा कार्यरत **श्री डिल्ली प्रसाद पोखरेल** (क.सं.नं. १५२७४७) ले तोकिएको जिम्मेवारी निर्वाह गर्न असमर्थ भएकाले निजलाई यस महानगरपालिकामा राखी राख्न उपयुक्त नदेखिएको हुँदा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम निजलाई अर्को स्थानीय तहमा सरुवा गरिदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

अधिकृत आठौं

महानगरपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल